प्रदेश सरकार
उधोग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय,झापा
१ न. प्रदेश,नेपाल

प.स.०७६।०७७(योजना शाखा)
च.न. ३४५१

मिति:२०७६।११।०५

**बिषय: सामुदायिक वनको कोष संचालन बारे ।**

श्री सब (५१ वटा) सामुदायिक वन उपभोक्ता समुह ,
, झापा ।

प्रस्तुत बिषयमा सामुदायिक वन उपभोक्ता समूहले स्विकृत विधान तथा वन कार्ययोजना कार्यान्वयन गर्ने क्रममा बार्षीक रुपमा प्राप्त गर्ने आम्दानी रकम पारदर्शी र विवाद रहितरुपमा परिचालन गरी आर्थीक अनुशासन कायम गर्न आवश्यक देखीएकोले सामुदायिक वनको कोष परिचालन गर्दा देहाय अनुसार अनिवार्य कार्यन्वयन गर्नु गराउनु हुन निर्देशन दिईएको व्यहोरा अनुरोध छ ।

२०७६।११।६ डिभिजन वन अधिकृत

**तपशिल**

१। समुहले कार्ययोजना बमोजीम आर्जन गरेको बार्षिक आय मध्येबाट **वन ऐन २०७६ को दफा २२ अनुसार कम्तीमा पच्चिस प्रतिशत रकम (२५ प्रतिशत भन्दा बढी गर्न सकीने)**वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम **सम्बन्धित स्थानिय तहसँग** समन्वय गरी **गरिबी न्यूनीकरण, महिला सशक्तिकरण** तथा **उधम विकास** कार्यमा खर्च गरी बाँकी रहेको रकमबाट उपभोक्ता समुहको हितमा खर्च गर्नु पर्ने स्पष्ट कानुनी व्यवस्था रहेकोले सोही बमोजीम चालु आर्थीक बर्ष ०७६।७७ देखीनै समुहबाट उक्त शिर्षकहरुमा बार्षीक कार्यक्रम तयार/ संशोधन स्विकृत गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नु गराउनु हुन ।

२। वन प्राविधिक र संवन्धित स्थानिय तहको परामर्श/ सल्लाहमा बुँदा नं १ बमोजिमको शिर्षक अनुसारका कृयाकलाप प्रस्ताव गरी वजेट तर्जुमा गर्ने गरी अनिवार्यरुपमा बार्षिक कार्यक्रम तयार/ संशोधन गर्ने र समुहबाट स्विकृत गराई सोही अनुसार नियमानुसार कार्यक्रम संचालन गर्न गराउन हुन र सोको अभिलेख समुहमा प्रमाणीत गरी राख्नु हुन । **स्विकृत बार्षिक कार्यक्रममा समावेश भएका कृयाकलाप बाहेकका अन्य कुनै पनि योजना/ कृयाकलापमा समुहको कोष परिचालन नगर्नु नगराउनु हुन ।**

३। वन ऐन २०७६ ले तोकेको शिर्षकको **सिमा भन्दा कम हुने गरी** अन्य कुनै पनि शिर्षकमा समुहको कोष परिचालन नगर्नु नगराउनु हुनका साथै **सामाजिक विकास तथा प्रशासनीक खर्च शिर्षकमा अत्यावश्यक बाहेक** रकम नछुटयाउनु हुन ।

४। समुहको आय व्ययको सम्पूर्ण हिसाब किताब बैकीगं प्रणाली अनुसार मात्र गर्नु गराउनु हुन । समुहको नाममा एक भन्दा बढी बैकमा खाता संचालन नगर्नु नगराउनु हुनका साथै सहकारी तथा ऋण, वचतमा समुहको नाममा बैक खाता संचालन नगर्नु नगराउनु हुन । कार्यविधिले तोकेको भन्दा बढी नगद रकम कुनै पनि पदाधिकारी /उपभोक्ता वा संघ संस्थालाई नदिनु हुन । **समुहको आम्दानी संभव भए सम्म तत्कालै बैक दाखिला गरी भौचर र बैक स्टेटमेन्ट संलग्न राख्नु हुन ।**

५। समुहको हितको नाममा योजना संचालन वा दायित्व फिर्ता गर्ने गरी कुनै पनि पदाधिकारी/व्यक्ती/ संस्था सँग बाणिज्य बैकहरुले लिने भन्दा **अश्वभाबिक बढी ब्याज दरमा नगदमै ऋण/ सापट नलिनु हुन** । साथै जुन आर्थिक बर्षमा कार्यक्रम संचालन गरीएको हो सोही आर्थिक बर्षमा नै नियमानुसार भुक्तानी दिई अभिलेख प्रमाणीत गरी राख्नु हुन ।



०२३४५५५०५ FAX ०२३४५५१८९, jpadfo@dof.gov.np, www.dfojhapa.gov.np , forest jhapa

प्रदेश सरकार
उधोग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय,झापा
१ न. प्रदेश,नेपाल

प.स.०७६।०७७(योजना शाखा) मिति:२०७६।११।०५
च.न.

## बिषय: सामुदायिक वनको कोष संचालन बारे ।



६। **स्पष्ट प्रमाण कागजात नभई समुहको लेखा परिक्षण प्रतिवेदनमा मात्र उल्लेख भएका ऋण /सापट /ब्याज वा दायित्व वापतको रकम भुक्तानी नदिनु हुन** । प्रमाण कागजात उपलब्ध भए छानविन गरी यकीन भए पश्चात मात्र नियमानुसार भुक्तानी दिनु हुन ।

७। सामुहिक हितका लागि गठन भएको सामुदायिक वन उपभोक्ता समुहका कार्य समिति पदाधिकारीहरुले पारश्रमीक/ तलब वा गुजारा, निर्वाहा भत्ताका नाममा समुहको कोष परिचालन गर्ने प्रवृती बढदै गएको महसुस भएकोले सो कार्यलाई न्यूनीकरण गरी **समुहको काममा खटिदाको आतेजाते भाडा, खाना तथा बस्ने खर्चका लागि मात्र साधारण सभाबाट तोकी सोही अनुसार भुक्तानीको व्यवस्था मिलाउनु हुन ।**

८। समुहको सम्पूर्ण आर्थीक कारोबार सामुदायिक वन उपभोक्ता समुहको आर्थीक कार्यविधि निर्देशिका २०७३ ले तोके अनुसारको विधी र प्रकृया बमोजीम अनिवार्य कार्यान्वयन गर्नु गराउनु हुन । **समुहको कोषबाट भुक्तानी हुने जुन सुकै शिर्षकको स्विकृत लागत अनुमान, प्राविधिक जाँचपास तथा कार्यसम्पन्न प्रतिवेदन नभई भुक्तानी नदीनु हुन ।** उल्लेखीत कागजात बेगर भुक्तानी दिएको भए भुक्तानी दिने पदाधिकारी वा कर्मचारीबाट असुल उपर गरी समुहको कोषमा रकम आम्दानी बाध्नु हुन ।

९। **नियमानुसार प्राप्त वन पैदावार विक्रीबाट हुने आम्दानीको १० प्रतिशत रकम सवन्धीत स्थानिय तहमा समुहको नाममा बुझाई सोको भौचर /रसिद /पत्र समुहमा सुरक्षीत राख्नु हुन** र सो सँग सम्बन्धित आर्थीक बर्ष छुटटीने गरी छुटटै रजिष्टर प्रमाणीत गरी राख्नु हुन । समुहको नाममा स्थानिय तहमा बुझाउने १० प्रतिशत वापतको उक्त रकम उपभोक्ताबाट थप नउठाउनु हुन ।

१०। समुहको कार्य समिति चयन गर्ने प्रकृया पछिल्लो समय राजनैतिक दल वा प्यानल छुटीने गरी प्रतिनिधी सभाको निर्वाचन जस्तै हुने गरी गर्ने र निर्वाचनका लागि समुहको कोष परिचालन गर्ने प्रवृती सामुदायिक वन उपभोक्ता समुहहरुमा बढदै गएको हुँदा सामुदायिक वन विकास मार्गदर्शन अनुसार सा व उ स को कार्य समित चयनमा कहीकतै निर्वाचनको परिकल्पना गरेको नपाईएकोले कार्य समिति चयन प्रकृयालाई आमसहमतीको आधारमा समावेशी समानुपातीक अवधारणमा निर्माण गर्नु हुन । **निर्वाचनको नाममा समुहको कोष परिचालन नगर्नु नगराउनु हुन ।**

११। लेखा परिक्षक नियुक्ती गर्दा **संवन्धित स्थानिय तहमा सुचिकृत लेखा परिक्षक मध्येबाट** लिखितरुपमा पत्राचार गरी छनौट गर्नु हुन र सकभर **एकै व्यक्तीलाई लगातार लेखा परिक्षकको रुपमा नियुक्ती नगर्नु हुन** । लेखा परिक्षणको कार्य तोकीएको अवधि भित्रै समुहको कार्यालयमै गर्ने गरी आवश्यक व्यवस्था गर्नु गराउनु हुन ।



☎ ०२३४५५०५ FAX ०२३४५५१८९, @ jpadfo@dof.gov.np, www.dfojhapa.gov.np , facebook forest jhapa

प्रदेश सरकार
उधोग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय,झापा
१ न. प्रदेश,नेपाल

प.स.०७६।०७७(योजना शाखा)
च.न.

मिति:२०७६।११।०५

**बिषयः सामुदायिक वनको कोष संचालन बारे ।**



१२। **लेखा परिक्षण गराउदा स्विकृत बार्षिक कार्यक्रम भित्र तोकीएका कार्यक्रम र बुँदा नं १ मा** उल्लेख गरीएको शिर्षक देखीने गरी लेखा परिक्षण गर्नु गराउनु हुन । लेखा परिक्षण गराउँदा सामुदायिक वन उपभोक्ता समुह सँग सम्बन्धीत निती नियम अनुसार गर्नु गराउनु हुन

१३। **रु १ लाख भन्दा बढी मोल पर्ने मेशिनरी औजार वा सवारी साधन खरिद गर्दा सार्वजनीक खरीद ऐन २०६४ र सार्वजनीक खरीद नियमावली २०६४ बमोजीम गर्नु गराउनु हुन ।**

१४। सामुदायिक वन उपभोक्ता समूहको नाममा आन्तरीक राजश्व कार्यालयबाट अनिवार्य रुपमा **स्थाई लेखा नम्बर लिई** जानकारी दिनु हुन ।

१५। नियमानुसार संकलन भएका आन्तरीक खपत तर्फका वन पैदावार वितरण गर्दा **अधिकारमुखी अवधारणामा नभई आवश्यक्तामुखी अवधारणका आधारमा उपभोक्तालाई** विक्री वितरणको व्यवस्था मिलाउनु हुन ।

१६। आन्तरीक प्रयोजन तर्फको काठ दाउराको विक्री मुल्यको दररेट तोक्दा **सरकारी मूल्य भन्दा कम नहुने** गरी मुल्य तोक्नु हुन ।

१७। **वन क्षेत्रको भु उपयोग परिवर्तन हुने गरी** सिमसार तथा पर्यापर्यटन विकासका नाममा कुनै पनि निकाय संस्था वा व्यक्ती सँग सम्झौता गरी वन क्षेत्र भित्र योजना कार्यान्वयनको कार्य नगर्नु नगराउनु हुन ।

१८। **सामुदायिक वन उपभोक्ता समुहको कोष परिचालन गर्दा वन संरक्षण संम्बर्धनका विकासका कृयाकलापहरुमा जोड दिनु हुन** । घाटगदी सुदृढीकरण, प्राकृतिक पुनरुत्पादन संरक्षण, बृक्षारोपण, वन्यजन्तुको वासस्थान सुधार, नर्सरी संचालन, नदी खोला तटबन्ध, मानव/ वन्यजन्तु दन्द् न्यूनीकर,ण वन अतिक्रमण नियन्त्रण, वन डढेलो नियन्त्रण जस्ता कार्यमा बढी भन्दा बढी समुहको कोष परिचालन गर्नु गराउनु हुन ।

२०७६।११।५
डिभिजन वन अधिकृत

बोधार्थ
श्री सर्व (१२ वटा) पालिकाको कार्यालय ,झापा
श्री सर्व (४८) सब डिभिजन वन कार्यालय, झापाः जानकारी एंवम कार्यान्वयन गर्नु गराउनु हुन ।



०२३४५५५०५ FAX ०२३४५५१८९, jpadfo@dof.gov.np, www.dfojhapa.gov.np , forest jhapa